# राष्ट्रिय शिक्षा समिति नियमहरू, २०२९

**नेपाल राजपत्रमा प्रकाशित मिति**

२०२९।७।७

**संशोधन**

१. राष्ट्रिय शिक्षा समिति (पहिलो संशोधन) नियमहरू, २०३३ — २०३३।१०।४

२. राष्ट्रिय शिक्षा समिति (दोस्रो संशोधन) नियमहरू, २०३८ — २०३८।७।१७

राष्ट्रिय शिक्षा समिति ऐन, २०२८ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय शिक्षा समितिले बनाएको देहायका नियमहरूलाई **श्री ५ महाराजाधिराज**बाट स्वीकृति बक्सेको छ ।

नेपाल कानून आयोग

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यी नियमहरूको नाम "राष्ट्रिय शिक्षा समिति नियमहरू, २०२९" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा -

(क) "ऐन" भन्नाले राष्ट्रिय शिक्षा समिति ऐन, २०२८ सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले ऐन बमोजिम राष्ट्रिय शिक्षा समिति सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र यो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "सचिव" भन्नाले समितिको सदस्य-सचिवलाई सम्झनु पर्छ ।

(ङ) "योजना" भन्नाले ऐन बमोजिमको योजनालाई सम्झनु पर्छ ।

(च) "बैठक" भन्नाले समितिको बैठक सम्झनु पर्छ ।

(छ) "कार्यालय" भन्नाले समितिको कार्यालय सम्झनु पर्छ ।

[1]३. **सचिवको काम, कर्तव्य र अधिकार** : सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सदस्यहरूसँग परामर्श गरी बैठकमा गर्नु पर्ने छलफलको विषयसूची तयार पार्ने,

(ख) समितिको काम कारवाई, आदेश तथा निर्णयलाई प्रमाणित गर्ने र सम्बन्धित सबैलाई सूचना दिने,

(ग) शिक्षाको क्षेत्रमा अनुसन्धान र प्रवर्द्धन कार्यहरू गर्ने गराउने,

(घ) शिक्षाका विभिन्न क्षेत्रहरूको वार्षिक लक्ष्य समेत उल्लेख गरी कार्य योजना तयार पार्ने ।

४. **समितिको बैठक तथा कार्यविधि** : (१) अध्यक्षको आदेशानुसार सचिवले बैठक बोलाउने छ । तर बैठक बोलाउन कम्तीमा दुई सदस्यहरूको लिखित अनुरोध भएमा सचिवले बैठक बोलाउन पर्नेछ ।

(२) बैठकको सभापतित्व अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा समितिका [2]उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको आधाभन्दा बढी सदस्यहरूको संख्यालाई गणपूरक संख्या मानिने छ ।

(४) बैठकमा गर्नु पर्ने छलफलको सूची प्रत्येक सदस्य कहाँ २४ घण्टा अगावै पुगिसकेको हुनु पर्दछ ।

(५) बैठकको निर्णयको लागि प्रस्ताव पेश गर्न चाहने कुनै सदस्यले बैठक हुने ४८ घण्टा अगावै त्यस्ता प्रस्तावको ८ प्रति कार्यालयमा पठाउनु पर्नेछ । तर अध्यक्षको स्वीकृति लिई कुनै सदस्यले बैठकमा सोझै पनि प्रस्ताव पेश गर्न सक्नेछ ।

५. **कार्यालय** :

(क) कार्यालयको प्रमुख प्रशासकीय अधिकारी सचिव हुनेछ ।

(ख) सचिवलाई बिदा दिने अधिकारी अध्यक्ष हुनेछ ।

[1] राष्ट्रिय शिक्षा समिति (पहिलो संशोधन) नियमहरू, २०३३ द्वारा संशोधित ।

[2] राष्ट्रिय शिक्षा समिति (पहिलो संशोधन) नियमहरू, २०३३ द्वारा संशोधित ।



नेपाल कानून आयोग

६.    [३]**समितिले अधिकार प्रयोग गर्ने** : राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन गर्न समितिले [४]२०३८ साल आषाढ ५ गतेदेखि पाँच वर्षसम्मको लागि देहाय बमोजिमको अधिकार प्रयोग गर्नेछ :-

(क) राष्ट्रिय शिक्षा समिति, शिक्षा मन्त्रालय, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा अधिकारीको कार्यालयको लागि स्वीकृत बजेटको परिधि भित्र रही, बढीमा ५ वर्षको राजपत्र अनंकित तथा राजपत्रांकित म्यादी पदहरू सिर्जना गर्न सक्नेछ र यी पदहरू खारेज पनि गर्न सक्नेछ ।

(ख) खण्ड (क) मा उल्लिखित कार्यालयहरूको राजपत्रांकित द्वितीय श्रेणीसम्मका कर्मचारीलाई एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा गर्न तथा कुनै पनि अवधिको लागि काजमा खटाउन या झिकाउन सक्नेछ । कुनै पनि अस्थायी वा म्यादी रिक्त पदमा का.मु. वा अस्थायी नियुक्ति गर्न तथा कुनै पनि स्थायी रिक्त पदमा बढीमा ६ महिनाको लागि का.मु. वा अस्थायी नियुक्ति गर्न समेत सक्नेछ ।

(ग) [५]... ... ...

(घ) खण्ड (क) मा उल्लिखित कार्यालयहरूका राजपत्रांकित तथा राजपत्र अनंकित कर्मचारीहरूलाई पुरस्कार दिन बढीमा ५ ग्रेड थप गर्नको निमित्त नेपाल सरकार समक्ष सिफारिश गर्न र सवारी सुविधा तथा घर भाडा दिन सक्नेछ ।

(ङ) खण्ड (क) मा उल्लिखित कार्यालयहरूको कामको लागि आवश्यकतानुसार करार सेवा अथवा पारिश्रमिकमा कुनै व्यक्ति वा संस्थाबाट कुनै निश्चित अवधिका लागि काम गराउन सक्नेछ ।

(च) समितिले वा शिक्षा मन्त्रालयले गठन गरेको कार्य टोली वा समिति वा उपसमितिको सदस्यहरूलाई बैठक भत्ता र गैर सरकारी सदस्यहरूको सम्बन्धमा दैनिक तथा भ्रमण भत्ता निर्धारण गर्नेछ ।

(छ) शिक्षा शीर्षक बजेट अन्तर्गतको भै परी आउने रकम खर्च गर्न समितिले स्वीकृति दिन सक्नेछ ।

नेपाल कानून आयोग

[३] राष्ट्रिय शिक्षा समिति (पहिलो संशोधन) नियमहरू, २०३३ द्वारा संशोधित ।

[४] दोस्रो संशोधनद्वारा संशोधित ।

[५] राष्ट्रिय शिक्षा समिति (दोस्रो संशोधन) नियमहरू, २०३८ द्वारा झिकिएको ।

[६] ६क. **शिक्षा विकास कोष** : (१) समिति अन्तर्गत एउटा शिक्षा विकास कोष (यसपछि "कोष" भनिएको) हुनेछ र सो कोषमा देहायका रकमहरू रहने छन्:-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान,

(ख) अन्य स्रोतबाट प्राप्त अनुदान,

(ग) कोषको लगानीबाट प्राप्त आम्दानी ।

(२) कोषको रकम शिक्षाको विकासको लागि समितिले निर्णय गरे अनुसार खर्च गरिनेछ ।

(३) कोषको संचालन समितिले तोके बमोजिम हुनेछ ।

(४) कोषको लेखा नेपाल सरकारले अपनाएको तरीका बमोजिम राखिनेछ ।

(५) कोषको लेखापरीक्षण प्रचलित नेपाल कानुन बमोजिम महालेखा परीक्षकको विभागबाट हुनेछ ।

[७] ६ख. **अधिकार प्रत्यायोजन गर्न सक्ने** : समितिले आवश्यकतानुसार आफ्नो अधिकार कुनै उपसमिति वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७. **बचाउ** : ऐन र यस नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएका कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

८. **मान्यता** : हालसम्म कार्यालयबाट गरिएका काम कारवाहीहरू यसै नियम अनुसार गरिएका मानिने छन् ।

नेपाल कानून आयोग

---

[६] राष्ट्रिय शिक्षा समिति (पहिलो संशोधन) नियमहरू, २०३३ द्वारा थप ।

[७] राष्ट्रिय शिक्षा समिति (पहिलो संशोधन) नियमहरू, २०३३ द्वारा थप ।